स्वीकृत मिति: २०८०/०६/१४

**स्थानीय तहमा विनियोजन सशर्त अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८०**

**प्रस्तावनाः** सुदुरपश्चिम प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट चालु आर्थिक बर्ष ०८०/०८१ मा कृषि तथा पशुपन्छी क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरण मार्फत कार्यक्रमहरुको कार्यान्वयनलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी तथा प्रतिफलमा आधारित बनाउन वाञ्छनीय भएकोले,

सुदूरपश्चिम प्रदेश विनियोजन ऐन, २०८० को दफा ९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम “स्थानीय तहमा विनियोजन सशर्त अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८०” रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, -

(क) “अनुदानग्राही” भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका कृषक, कृषक समूह, कृषि कार्यमा संलग्न सहकारी र कृषि उद्यमी (फर्म वा कम्पनी) सम्झनु पर्छ ।

(ख) “केन्द्र” भन्नाले मन्त्रालय मातहतको कृषि ज्ञान केन्द्र र भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रलाई सम्झनु पर्दछ ।

(ग) “मन्त्रालय” भन्नाले सुदूरपश्चिम प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(घ) "सशर्त कार्यक्रम" भन्नाले सुदूरपश्चिम प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट सशर्त वित्तीय हस्तान्तरण मार्फत स्थानीय तहमा गएका कृषि सम्बन्धी कार्यक्रमलाई सम्झनुपर्छ ।

(ङ) “स्थानीय तह” भन्नाले सुदूरपश्चिम प्रदेश भित्रका गाउँपालिका, नगरपालिका तथा उपमहानगरपालिका सम्झनु पर्छ ।

३. **<u>उद्देश्यः</u>** यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछ;

(क) सशर्त कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनमा सहजीकरण गरी एकरुपता कायम गर्ने ।

(ख) सशर्त कार्यक्रमहरुको सम्बन्धमा सरोकारवालाहरुलाई सु-सूचित गर्ने ।

(ग) सशर्त कार्यक्रमहरुको कार्यान्वयन, अनुगमन एवं प्रगति प्रतिवेदन पद्धतिलाई प्रभावकारी बनाउने ।

४. **<u>अनुदान उपलब्ध गराउन सक्नेः</u>** स्थानीय तहले स्वीकृत सशर्त कार्यक्रम बमोजिम यस कार्यविधिको परिच्छेद- ३ मा उल्लिखित कार्यक्रमहरुको उद्देश्य पुरा गर्ने गरी सशर्त वित्तिय हस्तान्तरणका कार्यक्रम सञ्चालन गर्न अनुदान उपलब्ध गराउन सक्नेछ ।

५. **<u>अनुदान रकमको सिमा र प्रतिशतः</u>** प्रदेश सरकारमार्फत गएको सशर्त कार्यक्रम अन्तर्गत उपलब्ध गराइने अनुदान रकमको सिमा सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन नियमावली, २०७९ मा तोके बमोजिम देहाय अनुसार हुनेछ ।

| सि. नं. | कार्यक्रमको नाम | अनुदान प्रतिशत | |
|---|---|---|---|
| | | निजी | समुह\ सहकारी |
| १ | साना सिंचाई निर्माण तथा मर्मत सहयोग | ५० | ८५ |
| २ | पकेट क्षेत्रमा खोर/गोठ सुधार कार्यक्रम | ५० | ७५ |
| ३ | लागत साझेदारीमा कोल्ड च्याम्बर निर्माण | ५० | ८५ |
| ४ | खाद्य सुरक्षाका लागि फलफूल विरुवा रोपण कार्यक्रम | ५० | ५० |

## परिच्छेद-२

## <u>कार्यक्रम व्यवस्थापन तथा सञ्चालन</u>

६. **<u>कार्यक्रम निर्देशक समितिः</u>** (१) स्थानीय तह मार्फत सशर्त कार्यक्रम सञ्चालन तथा अनुदान प्रवाहको प्रक्रियालाई सहजीकरण गर्नका लागि मन्त्रालयमा देहाय बमोजिमको एक निर्देशक समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | सचिव, मन्त्रालय | संयोजक |
| (ख) | अधिकृत प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |

| | | |
|---|---|---|
| (ग) | अधिकृत प्रतिनिधि, आर्थिक मामिला मन्त्रालय | सदस्य |
| (घ) | प्रमुख, पशुपन्छी तथा मत्स्य विकास महाशाखा, मन्त्रालय | सदस्य |
| (ङ) | प्रमुख, कृषि व्यवसाय प्रवर्द्धन तथा खाद्य सुरक्षा महाशाखा, मन्त्रालय | सदस्य |
| (च) | प्रमुख, कृषि विकास निर्देशनालय वा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | सदस्य |
| (छ) | प्रमुख, योजना तथा अनुगमन महाशाखा, मन्त्रालय | सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सशर्त कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सहजीकरण गर्ने,

(ख) सशर्त कार्यक्रमको सम्वन्धमा अन्य मन्त्रालय र सरोकारवालाहरुसँग समन्वय गर्ने,

(ग) सशर्त कार्यक्रम कार्यान्वयनको समीक्षा तथा मूल्याङ्कन गर्ने,

(घ) कार्यविधिमा आवश्यक संसोधनका लागि मन्त्रालय समक्ष सिफारिस गर्ने,

(ङ) सशर्त कार्यक्रम सञ्चालनका सम्बन्धमा आइपरेका समस्याहरुको सम्वोधन तथा समाधानमा सहजीकरण गर्ने,

(च) यस कार्यविधि अनुसार गर्नुपर्ने अन्य आवश्यक कार्यहरु गर्ने तथा गराउने ।

७. **कार्यक्रम कार्यान्वयन समितिः** (१) स्थानीय तहले स्वीकृत सशर्त कार्यक्रम सञ्चालन गर्नका लागि स्थानीय तहमा देहाय बमोजिमको एउटा कार्यक्रम कार्यान्वयन समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | नगरप्रमुख वा अध्यक्ष, सम्बन्धित स्थानीय तह | संयोजक |
| (ख) | संयोजक, आर्थिक समिती, सम्बन्धित स्थानीय तह | सदस्य |
| (ग) | प्रमुख प्रशासकिय अधिकृत, सम्बन्धित स्थानीय तह | सदस्य |
| (घ) | योजना अधिकृत, सम्बन्धित स्थानीय तह | सदस्य |
| (ङ) | प्रमुख, सम्बन्धित स्थानीय तहको कृषि वा पशु शाखा | सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) यस कार्यविधि बमोजिम मुल्याङ्कन तथा छनौटको आधारहरु तयार गर्ने,

(ख) सशर्त कार्यक्रमको प्रभावकारी कार्यान्वयको लागि प्रदेश भित्र रहेका निकायसँग आवश्यक समन्वय गर्ने,

(ग) स्थानीय तहका सशर्त कार्यक्रमको छनौट, सञ्चालन, अनुगमन एवं समीक्षा गर्ने,

(घ) कार्यक्रम सञ्चालन सम्बन्धमा आइपरेका समस्याहरुको समाधानका लागि समन्वय गर्ने,

(ङ) यस कार्यविधि अनुसार समितिले गर्नु पर्ने अन्य कार्यहरु गर्ने तथा गराउने ।

८. **बैठक सम्बन्धी कार्यविधिः** (१) दफा ६ र ७ बमोजिम गठित समितिको बैठक सम्बन्धी कार्यविधि देहाय बमोजिम हुनेछ :-

(क) समितिको बैठक संयोजकको निर्देशनमा सदस्य-सचिवले मिति, समय र स्थान तोकी बोलाउनु पर्नेछ ।

(ख) बहुमत सदस्यहरुको उपस्थितिलाई बैठकको गणपुरक संख्या मानिनेछ।

(ग) समितिको बैठकको निर्णय बहुमतको आधारमा गरिनेछ ।

(घ) समितिले सम्बन्धित क्षेत्रको प्रदेश सभा सदस्यलाई समितिको बैठकमा आमन्त्रण गर्नु पर्नेछ ।

(२) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद-३
## कार्यक्रमको सञ्चालन प्रक्रिया

९. **माग सङ्कलनः** (१) यस कार्यविधि बमोजिमका सशर्त कार्यक्रममा सहभागी हुन लक्षित बर्गबाट माग सङ्कलन गर्न सम्वन्धित स्थानीय तहले नियमानुसार समयमै सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) यस कार्यविधिको परिच्छेद- ४ अन्तर्गत विभिन्न कार्यक्रम शिर्षकमा तोकिएका मापदण्ड/आधारभुत/प्रासाङ्गिक पक्ष पुरा गर्ने गरी ईच्छुक निवेदकले आवेदन पेश गर्नुपर्नेछ ।

१०. **लाभग्राही छनौटः** सशर्त कार्यक्रमहरु अन्तर्गत अनुदान प्रदान गरिने कृयाकलापहरुको लागि प्रस्ताव मूल्याङ्कन तथा छनौट कार्यको सिफारिसका लागि स्थानीय तहमा कार्यरत दुई जना प्राविधिक कर्मचारीले स्थलगत अनुगमनका आधारमा तयार पारेको प्रतिवेदनका आधारमा दफा ७ बमोजिमको समितीले अनुदानग्राही छनौट गर्नेछ।

११. **अनुदान प्रवाहः** (१) सशर्त कार्यक्रम अन्तर्गत क्रियाकलापहरु सञ्चालन गर्दा अनुदानग्राहीलाई प्रदान गरिने सेवा सुविधा सम्बन्धी व्यवस्था दफा ५ अनुसार हुनेछ ।

(२) यस कार्यविधि बमोजिम छनौट भएका अनुदानग्राहीले सञ्चालन गर्नुपर्ने क्रियाकलाप, सो को समयसारणी एवं अनुदानग्राहीले पालना गर्नुपर्ने शर्त अनुदान रकम एवं भूक्तानी विधि उल्लेख गरी सम्बन्धित स्थानीय तहले अनुदाग्राहीसँग सम्झौता गर्नेछ ।

(३) सम्झौता बमोजिम सम्बन्धित स्थानीय तहले अनुदानग्राहीलाई अनुदान भूक्तानी गर्नेछ ।

(४) सम्झौता बमोजिम अनुदानग्राहीको तर्फबाट व्यहोर्नु पर्ने/लगानी गर्नुपर्ने रकमको सुनिश्चितताको लागि सम्बन्धित निकायले आवश्यकता अनुसार आधार खोज्न सक्नेछ ।

१२. **<u>अनुदान भुक्तानीः</u>** (१) नगद अनुदान दिइने कार्यक्रमको हकमा अनुदान रकम सोझै अनुदानग्राहीको बैङ्क खातामा जम्मा हुने गरी भुक्तानी गरिनेछ ।

(२) अनुदान रकमको भुक्तानी सम्झौता पत्रमा उल्लेख भए बमोजिम हुनेछ । कार्यक्रमको प्रकृति अनुसार सम्बन्धित निकायको जिम्मेवार प्राविधिकले स्थलगत निरीक्षण गरी तयार पारेको कार्य सम्पन्न प्रतिवेदनको आधारमा अनुदानग्राहीलाई भुक्तानी गरिनेछ ।

१३. **<u>कार्यक्रम अनुगमन तथा प्रतिवेदनः</u>** (१) कार्यक्रम सञ्चालनको लागि छनौट भएको क्षेत्र/क्लष्टर छनौट भएको विषय, अनुदानग्राहीसँग भएको सम्झौताको विवरण स्थानीय तहले नियमित अध्यावधिक गरी प्रकाशन गर्नु पर्नेछ ।

(२) सम्वन्धित स्थानीय तहले त्रैमासिक एवं वार्षिक प्रगति विवरण मन्त्रालयमा पठाउनु पर्नेछ । यस बाहेक समय समयमा माग भए बमोजिमको प्रगति तथा अन्य विवरण समेत पठाउनु पर्नेछ ।

(३) कार्यक्रमको अनुगमन प्रादेशिक तथा स्थानीय तहका सम्बन्धित निकायहरुबाट संयुक्त वा आवश्यकता अनुसार छुट्टाछुट्टै हुन सक्नेछ । यसरी भएको अनुगमनको क्रममा दिईएको मौखिक वा लिखित निर्देशन पालना गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ ।

## परिच्छेद-४

## <u>स्थानीय तहमा वित्तीय हस्तान्तरित कार्यक्रम र सञ्चालननका प्राविधिक पक्ष</u>

१४. **<u>कार्यक्रमको नामः साना सिंचाई निर्माण तथा मर्मत सहयोग</u>**

**(१) परिचयः** यस कार्यक्रम अन्तर्गत हिमाल तथा पहाडमा सिंचाई कुलो, ट्याङ्की, प्लाष्टिक पोखरी आदि निर्माण/मर्मत गरिनेछ भने तराईमा स्यालो टयूबवेल बोरिङ्ग लगायतका भूमिगत पूर्वाधारहरु निर्माण/मर्मत गरिनेछ ।

**(२) कार्यक्रमको उद्देश्यः**

(क) सिंचित क्षेत्रफलमा विस्तार गर्ने ।

(ख) सधन वाली प्रणालीको विकास गर्ने ।

(ग) वालीनालीको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने ।

(घ) सिंचाईका क्षेत्रमा नविनतम प्रविधि अनुसरण गर्ने ।

(३) लक्षित समुहः कृषि उद्यमी, कृषक समूह, कृषि/कृषि सम्बन्धी सहकारी, कृषिसँग सम्बन्धित समितिहरु ।

**(४) प्रमुख क्रियाकलापहरुः**

(क) साना सिंचाई पूर्वाधार निर्माण/स्तरोन्नति तथा मर्मत सुधार,

(ख) सिंचाई पोखरी, इनार, कुवा, प्लास्टिक पोखरी, सिंचाई पाईप, मोटर,

(ग) स्यालो टयूबवेल बोरिङ्ग लगायतका भूमिगत पूर्वाधारहरु,

**(५) अपेक्षित उपलब्धिहरुः**

(क) सघन वाली प्रणालीको विकास हुने ।

(ख) बालीहरुको उत्पादन तथा उत्पादकत्वमा वृद्धि हुने ।

**(६) अनुदान प्रतिशत र अधिकतम सीमाः** यस कार्यक्रमका लागि प्रत्येक सिंचाई योजनाको लागि बढीमा १ लाख ५० हजार अनुदान दिईनेछ । अन्य विषय यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ ।

**(७) न्यूनतम मापदण्ड /प्रासङ्गिक विषयः**

(क) सिंचाई संरचनाले प्रदेश वा सम्बन्धित स्थानीय तहको प्राथमिकता प्राप्त बाली उत्पादनमा सहयोग पुर्याउनु पर्ने ।

(ख) निर्माण हुने सिंचाई संरचनाले तराईको हकमा न्यूनतम १ हेक्टर र पहाडको हकमा ०.५ हेक्टर क्षेत्रफलमा थप सुविधा पुर्याउनु पर्ने ।

१५. कार्यक्रमको नामः पकेट क्षेत्रमा खोर/गोठ सुधार कार्यक्रम

**(१) परिचयः**

कृषि व्यवसायलाई दिगो र उत्पादनशील बनाउन गुणस्तरीय प्रांगारिक वस्तुको आवश्यकताको विकल्प छैन । पशुहरुबाट निस्केका मल र पिसाबलाई व्यवस्थित गर्नु र गाई/भैंसीको थलो सुधार गर्नु पशुपालनको एक महत्वपूर्ण पाटो हो ।तसर्थ स्थानीय तहभित्र गाई/भैसी पालन गरिरहेका कृषकहरुको उत्पादन र उत्पादकत्व वृद्धि गरी कृषि तथा पशुपालन व्यवसायलाई व्यवसायीकरण र आधुनिकीकरणका साथै प्राङ्गारिक मलको प्रयोगलाई प्रोत्साहन गर्न स्थानीय तहमा गाई/भैंसी गोठ सुधार कार्यक्रम सञ्चालन गरिएको छ ।

**(२) उद्देश्यः**

(क) कृषकहरुले पालन गरेको गाई/भैंसीको लागि व्यवस्थित गोठ निर्माण गरी रोगहरुको नियन्त्रण, लागत न्यूनिकरण र उत्पादन वृद्धि गर्नु ।

(ख) मल मुत्रको सदुपयोग गरी प्राङ्गारिक मल उत्पादनमा टेवा पुर्याउनु ।

(ग) दिगो कृषि र प्राङ्गरिक खेतीमा जोड दिई रासायनिक मलको प्रयोगलाई निरुत्साहित गर्नु

(घ) कृषि क्षेत्रमा लगानी बढाई व्यावसायिकता र उद्यमशिलताको प्रवर्द्धन गर्नु।

**(३) लक्षित समूहः** कृषक, कृषि फर्म, कृषक समुह र सहकारी

(४) **प्रमुख क्रियाकलापहरुः**

प्राविधिक इष्टिमेट बमोजिमको गोठको मर्मत गर्ने, वस्तु बस्ने ठाँउको ढलान गर्ने, पिसाब बग्ने नाली तयार गर्ने तथा पिसाब जम्मा हुने ट्यांकी निर्माण गर्ने ।

**(५) अपेक्षित उपलब्धिहरुः** दुधको पकेट क्षेत्रमा गाई/भैसीको गोठ सुधार भई स्वच्छ र स्वस्थ दुधको सेवनमा टेवा पुग्ने ।

**(६) अनुदान प्रतिशत र अधिकतम सीमाः** कार्यक्रमको लागि प्रति गोठ रु. ५०००० वा लागत अनुमानको ५०% ले जुन कम हुन्छ सोही बमोजिम अनुदान दिईनेछ । यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ ।

**(७) न्यूनतम मापदण्ड/प्रासङ्गिक बिषयः** (क) स्थलगत अनुगमन गर्न जाने प्राविधिकले पकेट क्षेत्र छनौट गर्दा तपशिलका आधारमा मूल्याँकन गरी दफा ७ बमोजिमको समिति समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

| क्र.सं. | कार्यक्रम छनौट तथा मूल्यांकनका आधारहरु | अंक |
|---|---|---|
| १ | **माउ गाई/भैंसी संख्या** | **१५** |
| १.१ | २ वटा भएमा | ५ |
| १.२ | ३ वटा भएमा | १० |
| १.३ | ३ भन्दा बढी भएमा | १५ |
| २ | **लागत साझेदारीको अनुपात** | **१०** |
| २.१ | ५० % भएमा | ५ |
| २.२ | ५० % भन्दा बढी भएमा | प्रति १० % थप ५ मा १ अंक थप हुँदै जाने |
| ३ | **लक्षित वर्ग** | **१५** |
| ४.१ | सिमान्तकृत | १५ |
| ४.२ | दलित जनजाति | १० |
| ४.३ | अन्य | ५ |
| ४ | **फर्म दर्ता भएको** | **५** |
| ५.१ | ३ वर्षभन्दा बढी भएको | ५ |
| ५.२ | १ देखि ३ वर्ष भएको | ३ |
| ५.३ | १ वर्ष भन्दा कम भएको | २ |
| | **जम्मा** | **५०** |

१६. **कार्यक्रमको नामः लागत साझेदारीमा कोल्ड च्याम्बर निर्माण**

(१) **परिचयः**

स्थानीय स्तरमा उत्पादित नाशवान गुणस्तरीय कृषिजन्य वस्तुहरुको केही अवधिका लागि संरक्षण गरी स्थानीय माग सम्बोधन गर्न र उत्पादित कृषिवस्तुको संरक्षण गरी उचित मूल्य

प्राप्त गर्ने वातावरण सृजना गर्न स्थानीय तहको लागत साझेदारीमा कोल्ड च्याम्बर निर्माण गरीनेछ ।

**(२) उद्देश्यः**

(क) कृषि उपजहरुको उत्पादन उपरान्तको क्षती न्यूनीकरण गर्ने ।

(ख) कृषि उपजहरुको गुणस्तर प्रवर्द्धन र मूल्य अभिवृद्धि सहित बजारको माग अनुसार आवश्यक परिमाणमा उपलब्ध गराउने ।

(ग) कृषि उपजहरुको बजारीकरणलाई सहज बनाउने ।

**(३) लक्षित समूहः** कम्पनी वा फर्म, कृषक समूह, सहकारीसँगको साझेदारी ।

**(४) प्रमुख क्रियाकलापहरुः** कोल्ड च्याम्बर निर्माण

**(५) अपेक्षित उपलब्धिहरुः** स्थानीय स्तरमा उत्पादन हुने तरकारी, फलफूल आदी भण्डारण तथा पोष्ट हार्भेष्ट क्षतिमा न्यूनीकरण

**(६) अनुदान प्रतिशत र अधिकतम सीमाः** समूह/सहकारी मार्फत कार्यक्रम सञ्चालन गरीने अवस्थामा प्रदेशको सशर्त अनुदान रकम बाहेक सम्बन्धित स्थानीय तहले कम्तिमा पनि ३५ प्रतिशत लागत साझेदारी गर्नु पर्नेछ । फर्म/कम्पनी का लागि कोल्ड च्याम्बर निर्माण गरीने अवस्थामा प्रदेशको सशर्त अनुदान रकम बाहेक सम्बन्धित स्थानीय तहले कम्तिमा पनि २५ प्रतिशत लागत साझेदारी गर्नु पर्नेछ भने सम्बन्धित फर्म/कम्पनी ले कूल लागतको कम्तिमा ५० प्रतिशत लागत ब्यहोर्नु पर्नेछ ।

**(७) न्यूनतम मापदण्ड/ प्रासङ्गिक बिषयः**

निर्माण गरिने कोल्ड च्याम्बर कम्तिमा १० टन क्षमताको हुनु पर्दछ ।

**(८) मूल्याङ्कनका आधारहरुः** दफा ७ बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१७. <u>कार्यक्रमको नामः खाद्य सुरक्षाका लागि फलफूल विरुवा रोपण कार्यक्रम</u>

**(१) परिचयः** खाद्य संकटको उच्च जोखिममा रहेका स्थानीय तहमा फलफूल विरुवा रोपण गरी खाद्य सुरक्षा र फलफूल उत्पादन तथा बिक्रीबाट जीविकोपार्जनमा सुधार गर्न यो कार्यक्रम सञ्चालन गरिएको छ ।

**(२) उद्देश्यः**

(क) खेतीयोग्य बाँझो जग्गाहरुमा फलफूलका विरुवा रोपण गरी पर्यावरणीय सुधार तथा भू-उपयोगिता बढाई उत्पादनशील बनाउने,

(ख) निजी जग्गामा फलफूल खेतीको विस्तारलाई प्रवर्द्धन गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने ।

**(३) लक्षित समुहः** कृषक, कृषि उद्यमी, कृषक समूह, कृषि सम्बन्धी सहकारी, कृषिसँग सम्बन्धित समितिहरु ।

**(४) प्रमुख क्रियाकलापहरुः**

(क) खेती योग्य बाँझो जग्गामा फलफूल विरुवा रोपण कार्यक्रम

ख) निजी जग्गामा फलफूल विरुवा रोपण कार्यक्रम

**(५) अपेक्षित उपलब्धिहरुः**

खेतीयोग्य बाँझो जग्गा फलफूल रोपण र नजी जग्गामा फलफूल बगैचा स्थापना गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने ।

**(६) अनुदान प्रतिशत रअधिकतम सीमाः** यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ ।

**(७) न्यूनतम मापदण्ड/ प्रासङ्गिक बिषयः** निजी जग्गामा ब्यवसायिक फलफूल खेती विस्तारको लागि कम्तिमा ४ रोपनी क्षेत्रफलमा बगैचा स्थापना गर्ने कृषकहरुलाई बिरुवा खरिद लगायत बगैचा रेखाङ्कन, खाडल खन्ने, बिरुवा रोप्ने ज्याला, टेका दिने, कृषि औजार उपकरण, सिचाई लगायतका कार्यहरुमा अनुदान उपलब्ध गराउने ।

## परिच्छेद-५

## विविध

१८. **सार्वजनिक सुनुवाई र विवरण प्रकाशन गर्नुपर्ने** : (१) कार्यक्रमको विषयमा पारदर्शिताको लागि सार्वजनिक सुनुवाई गर्नुपर्नेछ ।

(२) अनुदानग्राहीलाई अनुदान उपलब्ध गराउने सम्बन्धित स्थानीय तहले अनुदान सम्बन्धी विवरण वेबसाइटमा (वेबसाइट नभएको हकमा सूचनापाटी वा बुलेटिन मार्फत नियमितरूपमा अद्यावधिक गरी प्रकाशन गर्नुपर्नेछ ।

(३) सम्बन्धित स्थानीय तहले अनुदानको अभिलेख राखी सोको विवरण अद्यावधिक समेत गर्नुपर्नेछ ।

(४) सञ्चालन भएको कार्यक्रमको वारेमा अनुदानग्राहीले जानकारीमूलक होर्डिङ्ग बोर्ड कार्यक्रम स्थालमा राख्नुपर्नेछ ।

१९. **बीमा गर्नुपर्नेः** (१) यस कार्यविधि अनुसार नगद अनुदान प्राप्त गर्ने अनुदानग्राहीले सम्भव भए सम्म कृषि बीमा गर्नु पर्नेछ ।

(२) अनुदानग्राहीले कृषि सम्बन्धी बीमा नगरेको अवस्थामा त्यस्तो व्यवसाय तथा पूर्वाधारमा क्षति पुग्न गएमा सोको जिम्मेवार अनुदानग्राही स्वयं हुनु पर्नेछ ।

२०. **कारवाहीको व्यवस्थाः** यस कार्यविधि बमोजिम प्रवाह भएको अनुदान रकम सम्बन्धित कार्यमा प्रयोग नगरी अन्यत्र प्रयोग गरेको पाइएमा वा हिनामिना भएको प्रमाणित भएमा सम्बन्धित पक्षबाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

२१. **दोहोरो सुविधा लिन नपाउनेः** अनुदानग्राहीले एउटै कामको लागि संघ, प्रदेश वा स्थानीय तह वा एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गर्न सक्ने छैन । साथै विगतमा अनुदान प्राप्त गरेको अनुदानग्राही ५ वर्ष सम्म एकै प्रकृतिको कार्यको लागि अनुदान प्राप्त गर्न योग्य हुने छैनन् । अनुदान प्रवाह गर्दा विगतमा अनुदानप्राप्त नगरेकाहरूलाई प्राथमिकता दिनुपर्नेछ ।

२२. **जिम्मेवार हुने :** (१) अनुदान लगायतका सहायता वितरण कार्यको गुणस्तर र सो सम्बन्धी वित्तीय जिम्मेवारी सम्बन्धि स्थानीय तह प्रमुखको हुनेछ ।

(२) कुनै विशेष कारणवश वा काबू बाहिरको परिस्थिति बाहेक अनुदानग्राहीको कारणबाट सम्झौता अनुरूप तोकिएको समयसीमा भित्र कार्य सम्पन्न हुन नसकी अनुदान रद्द भएमा वा अनुदानको रकम पूरा भुक्तानी नभएमा अनुदानग्राही स्वयं जिम्मेवार हुनेछ ।

(३) वित्तीय हस्तान्तरण गरिएको कार्यक्रमको प्रतिवेदन प्रत्येक स्थानीय तहले त्रैमासिक रुपमा गर्नु पर्नेछ ।

२३. **विविधः** (१) अनुदान कार्यक्रमका अतिरिक्त कृषि प्रसार सेवा, विशेष कृषि कार्यक्रम एवं कृषकलाई प्रोत्साहन सम्बन्धी कार्यक्रमहरुको खर्चको सीमा स्थानीय तहले तोके बमोजिम हुनेछ ।

(२) स्वीकृत अनुदान रकममा कार्यक्रम सञ्चालनन गर्दा कर सम्बन्धी व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

२४. **प्रचलित कानुन बमोजिम हुने:** यस कार्यविधिमा लेखिएका विषयमा यसै बमोजिम र अन्य कुराका हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

२५. **बाधा अड्काउ फुकाउने :** (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आइपरेमा मन्त्रालयले प्रचलित कानूनको प्रतिकूल नहुने गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।